





राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily








❑ वर्ष २७ ❑ अङ्क ९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ६ गते आइतबार ❑ 19 Apr. 2026 ❑ पृष्ठ ४+२ ❑ मूल्य रू. ५।-


## सर्वोच्चको फैसला स्वीकार गरेर अगाडि बढ्ने देउवा समूह

**रासस**
काठमाडौं, ५ बैशाख

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षले सर्वोच्च अदालतको फैसला स्वीकार गरेर अघि बढ्ने निष्कर्ष निकालेको छ।

कांग्रेसको आधिकारिताबारे सर्वोच्च अदालतले शुक्रबार विशेष महाधिवेशन पक्षधरलाई आधिकारिकता दिएसँगै शनिबार निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काको निवासमा बसेको देउवा समूहको बैठकले सर्वोच्च अदालतको फैसलालाई स्वीकार गरेर अगाडि बढ्ने निर्णय गरेको हो।

बैठकले असहमति भए पनि सर्वोच्चको फैसला मानेर अघिबढ्ने निष्कर्ष निकालेको नेता मीनबहादुर विश्वकर्माले जानकारी दिनुभयो । आगामी दिनमा पार्टीलाई एकताबद्ध बनाएर लैजाने जिम्मा सभापति गगन थापाको जिम्मेवारी भएको उहाँले बताउनुभयो।

"हिजोको दिनमा पार्टीलाई कसरी अगाडि लैजाने भन्ने जिम्मा शेरबहादुर देउवामा थियो। अब विशेष महाधिवेशनबाट आएका सभापति गगन थापाकोमा छ, त्यसैले उहाँले अब कसरी पार्टीलाई एकताबद्ध बनाउनुहुन्छ, कसरी पार्टीलाई ठूलो बनाउनुहुन्छ, कसरी पार्टीलाई भावनात्मक रूपले सबै एक स्वरले कांग्रेसका पक्षमा आबद्ध हुने वातावरण बनाउनुहुन्छ, त्यो उहाँको जिम्मामा छ", उहाँले भन्नुभयो । पार्टीका नेता डा प्रकाशशरण महतले कानुनी हिसाबले पार्टीको विवाद टुङ्गो लागे पनि राजनीतिक हिसाबले पार्टीमा ठूलो समस्या रहेको बताउनुभयो।उहाँलेपार्टीएकताको पहल विशेष महाधिवेशन पक्षधरले गर्नुपर्ने उल्लेख गर्नुभयो।

नेता महतले पार्टीको १५औं महाधिवेशन गर्नका लागि दुवै समूहलाई सहभागिता गरेर साझा संयन्त्र बनाएर अगाडि बढ्नुपर्ने धारणा बैठकमा उठेको बताउनुभयो । पार्टी एक भएर अगाडि बढ्नुपर्छ भन्ने पक्षमा आफूहरू रहेको उहाँको भनाइ थियो।

## तनहुँका विभिन्न आयोजनाका लागि बजेट विनियोजन गर्न अर्थमन्त्रीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ बैशाख



अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग भेट गरी तनहुँको आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा जिल्लाका लागि विभिन्न विकासका आयोजना समावेश गर्न आग्रह गर्नुभएको छ । उहाँले प्राथमिकताका आधारमा आयोजनाहरू पेस गर्दै बजेट सुनिश्चित गर्न अर्थमन्त्री डा वाग्लेको ध्यानाकर्षण गराउनुभएको हो।

अध्यक्ष चुमानले जिल्लामा रहेका सडक, पुल, धार्मिक पर्यटन, स्वास्थ्य, शिक्षा र खानेपानी क्षेत्रका महत्वपूर्ण आयोजनाहरू अघि सार्नुभएको छ। उहाँका अनुसार सडकतर्फ छिम्केश्वरी-हिलेखर्क-बन्दिपुर सडक स्तरोन्नतिका लागि रु ३० करोड, बरादी-हिलेखर्क (गिरनचौर-साते खण्ड) सडकका लागि रु २० करोड, पुलजीप-घुमाउने हुँदै देवघाट जोड्ने सडकका लागि रु ५० करोड तथा आँबुखैरेनी रिङरोड मर्मतका लागि र १० करोड बजेट माग गरिएको छ।

पुल निर्माणतर्फ घुमाउने पुल आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने, बरालुडबैंसीमा पक्की पुल निर्माण प्रक्रिया अघि बढाउने तथा पाँचकिलोस्थित जीर्ण झोलुङ्गे पुललाई स्थानान्तरण गरी नयाँ मोटरेबल पुल निर्माण गर्ने प्रस्ताव गरिएको अध्यक्ष चुमानले बताउनुभयो । छिम्केश्वरी सडक खण्डअन्तर्गत सिर्दी खोलामा मोटरेबल पुल निर्माणका लागि रु आठ करोड बजेट आवश्यक रहेकाबारे अर्थमन्त्रीलाई जानकारी गराइएको उहाँले उल्लेख गर्नुभयो। गाउँपालिकाका अध्यक्ष चुमानका अनुसार धार्मिक पर्यटनतर्फ छिम्केश्वरी क्षेत्रको विकासका लागि रु १० करोड, अकला क्षेत्रका लागि रु पाँच करोड र आँधीमुल क्षेत्र विकासका लागि रु पाँच करोड बजेट माग गरिएको छ।

स्वास्थ्य क्षेत्रमा आँबुखैरेनी-१ सत्रसयमा दश रोपनी जग्गा अस्पतालका लागि प्राप्त भइसकेको जानकारी दिँदै गाउँपालिकाका अध्यक्ष चुमानले थप १०० रोपनीसम्म विस्तार गर्न सकिने भएकाले सो क्षेत्रमा एक सय शय्याको ट्रमा अस्पताल स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गर्न आग्रह गरिएको बताउनुभयो । पृथ्वी राजमार्गसँग जोडिएको रणनीतिकस्थान भएकाले यहाँ अस्पताल विस्तार भएमा गोरखा, तनहुँ र लमजुङका बासिन्दालाई समेत सेवा पुग्ने उहाँको भनाइ छ।

शिक्षातर्फ बहुप्राविधिक शिक्षालय स्थापना, आँबुखैरेनी क्याम्पसमा स्नातकोत्तर कार्यक्रम सञ्चालन, विभिन्न विद्यालयमा विद्युतीय बस, छात्रावास तथा आधुनिक प्रयोगशाला व्यवस्थापनका लागि बजेट माग गरिएको गाउँपालिकाका अध्यक्ष चुमानले जानकारी दिनुभयो।उहाँकाअनुसारखानेपानीतर्फ हिलेखर्क-छिम्केश्वरी-लोप्राङ एकीकृत खानेपानी आयोजना निर्माणका लागि रु १० करोड तथा सत्रसय खानेपानी शुद्धीकरण आयोजनाका लागि रु पाँच करोड बजेट विनियोजन गर्ने प्रस्ताव गरिएको छ।

## उपल्लो मुस्ताङमा वन्यजन्तु पीडितलाई राहत वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ५ बैशाख

यहाँस्थित उपल्लो मुस्ताङका वन्यजन्तु पीडित पशुपालक किसानलाई राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङले तीन किस्ता गरी वन्यजन्तुबाट भएको क्षति राहत रकम उपलब्ध गराएको जनाएको छ।

एक्याप लोमान्थाङले पछिल्लो तीन आर्थिक वर्षमा वन्यजन्तुबाट पशुधनमा भएको क्षतिको राहत रकम रु ३५ लाख ९९ हजार तीन चरणमा गरी सम्बन्धित पीडित किसानको बैंक खातामा पठाएको जनाइएको छ । उपल्लो मुस्ताङमा हिउँचितुवा र ब्वाँसोको आक्रमणबाट स्थानीय पशुपालक किसानको पशुचौपाया क्षति हुने गरेको एक्यापको तथ्याङ्कले देखाउँछ। आव २०८०/०८१ मा उपल्लो मुस्ताङमा हिउँचितुवा र ब्वाँसोबाट क्षति भएका वन्यजन्तु पीडित पशुपालक किसानलाई एक्याप लोमान्थाङ कार्यालयबाट रु १९ लाख पाँच हजार राहत रकम उपलब्ध गराएको थियो । यसैगरी, आव २०८१/०८२ मा हिउँचितुवा र ब्वाँसोबाट क्षति भएका पीडित किसानलाई चालु आवको मङ्सिर महिनामा दोस्रो चरणको वन्यजन्तु क्षति राहतस्वरूप रु ११ लाख १५ हजार उपलब्ध गराइएको थियो।

एक्याप लोमान्थाङले शनिबार उपल्लो मुस्ताङका हिउँचितुवा तथा ब्वाँसोको आक्रमणबाट गत वर्ष र चालु आवमा क्षति भएका पशुधनको सम्बन्धित पीडित किसानलाई तेस्रो चरणको क्षति राहत रकम वितरण गरेको जनाएको छ। एक्याप कार्यालय लोमान्थाङमा आयोजित वन्यजन्तु क्षति राहत वितरण कार्यक्रममा त्यहाँका २७ घरधुरी पीडित किसानलाई राहतस्वरूप रु १५ लाख ७९ हजार हस्तान्तरण गरिएको हो। क्षति राहत वितरण गरिएको बैंक भौचर एक्याप प्रमुख उमेश पौडेलले सम्बन्धित वन्यजन्तु पीडित किसानलाई हस्तान्तरण गर्नुभएको हो । एक्याप लोमान्थाङका अनुसार चालु आवको साउनदेखि चैतसम्मको नौ महिना अवधिमा हिउँचितुवालगायत वन्यजन्तुबाट ६२ वटा घटना घटेको हो। कार्यालय प्रमुख पौडेलले चालु आवमा हिउँचितुवा र ब्वाँसोको आक्रमणबाट घोडा १४, च्याङ्ग्रा ९८, भेडा २६ र याक १४ वटा गरी १५२ वटा पशुधनमा क्षति पुगेको बताउनुभयो।

एक्यापले हिउँचितुवालगायत वन्यजन्तुबाट पशुधनमा भएको हालसम्मको राहत रकम वितरण गरी शून्यमा झारिएको बताउनुभयो। "अब पछिल्ला एकाध घटनाको कागजी प्रक्रियामा छन्, प्रक्रिया पूरा गरिएका सबै पशुधन क्षतिको राहत वितरण गरेर सक्यौँ", प्रमुख पौडेलले भन्नुभयो, "पशुधन क्षतिको राहत समुदायमा समयमै उपलब्ध गराउनेगरी अघि बढेका छौँ, एक्यापले क्षतिको कागजी पूरा गरेका पशुधनको तीन महिनाभित्रै क्षति राहत वितरण गराइने लक्ष्य राखेको छ ।" एक्यापले यसपटक उपल्लो मुस्ताङमा घटना घटेको एक वन्यजन्तु पीडितलाई १० दिनमै पशुधनको क्षति राहत उपलब्ध गराएको जनाएको छ । गत चैत २१ गते लोमान्थाङ-४ न्याम्डोका पशुपालक किसान घ्याचो गुरुङको सोही वडाको समजुङमा रहेको च्याङ्ग्रा खोरमा हिउँचितुवाले आक्रमण गर्दा २१ च्याङ्ग्रा मरेका थिए । एक्याप लोमान्थाङले उक्त घटनाको पाँच दिनमै कागजी प्रक्रिया पूरा गरी सम्बन्धित पशुपालक किसान गुरुङले राहत रकम उपलब्ध गराएको प्रमुख पौडेलले बताउनुभयो । एक्यापले वन्यजन्तु पीडित किसानलाई छिटोछरितो र कागजी प्रक्रिया पूरा गरी राहत रकम उपलब्ध गराउन उच्च प्राथमिकतामा राखेर काम गरेको जनाएको छ। हिउँचितुवा र मानवबीच सहअस्तित्व निर्माण गरी परम्परागत पशुपालन व्यवसायको संरक्षण गर्न एक्याप लोमान्थाङले वन्यजन्तुबाट हुने क्षतिको रकम वितरण गर्न राहत कोषसमेत व्यवस्था गरेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागबाट उपलब्ध राहत रकम उपलब्ध हुने समय लाग्ने भएकाले एक्यापले आफ्नै आन्तरिक राहत कोष खडा गरेको हो। यसबाट पीडित किसानले पशुधन क्षतिको राहत पाउँन धेरै समय पर्खिनु नपर्ने प्रमुख पौडेलको भनाइ छ।

पशुधन क्षति भएको १० दिनमै राहत रकम पाएकामा लोमान्थाङ-४ न्याम्डोका पशुपालक घ्याचो गुरुङ खुसी भएका छन् । राहत रकम पाएकामा गुरुङले भने वन्यजन्तु क्षति राहत निर्देशिकाबमोजिम नियमानुसार राहत पाएको र यसले पशुपालन व्यवसायी अपनाएका किसानलाई थोरै भए पनि सान्त्वना दिलाएको बताउनुभयो । हिमाली जिल्ला मुस्ताङमा पछिल्लो समय हिउँचितुवा र ब्वाँसोलगायत वन्यजन्तुले स्थानीय पशुपालक किसानले पालेका पशुचौपाया क्षति बनाउने घटनाहरू बढ्दै जान थालेका छन्। एक्याप लोमान्थाङका अनुसार हिउँचितुवालगायत वन्यजन्तुले पछिल्लो तीन आवमा २६ वटा घटना पशुपालकको खोरमा, २५ वटा घटना बस्तीमा र ७० वटा घटना चरन क्षेत्रमा घटेको हो।

## क्व्होलासोथारको एक हजार २०० वर्ष पुरानो ऐतिहासिकता उजागर गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ५ बैशाख


तमु समुदायको एक हजार २०० वर्ष अघिको इतिहास जोडिएको क्व्होलासोथारको ऐतिहासिकता उजागर गर्नका लागि तमु समुदायले सक्रियता बढाएका छन् । ऐतिहासकस्थल भएर पनि यसको उजागर र प्रवर्द्धन हुन नसकेको भन्दै तमु समुदायसम्बद्ध सङ्घसंस्थाले चासो देखाएका हुन्।

ऐतिहासिकताको उजागर गर्दै यसको संरक्षण, प्रचारप्रसार र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ विभिन्न प्रयासहरू भइरहेको अवस्थामा तमु प्येल्हु सङ्घ युकेको टोलीले आइतबारदेखि पोखराबाट लमजुङको भुजुङ हुँदै त्यसतर्फको यात्रा तय गरेको सङ्घका अध्यक्ष डेमबहादुर गुरुङले जानकारी दिनुभयो। तमु जातिको पहिचान एवम् अस्तित्वसँग जोडिएको क्व्होलासोथारको महत्व र गरिमालाई अझै उचो बनाउने उद्देश्यसहित ५५ सदस्यीय टोली त्यसतर्फ जान लागेको उहाँले बताउनुभयो । टोलीले स्थलगत भ्रमण पश्चात् त्यहाँको अवस्थाबारे चित्रण गर्दै तमु प्येल्हु सङ्घ केन्द्रीय समितिमा प्रतिवेदन प्रस्तुत गर्ने सङ्घ युकेका सचिव भेग गुरुङले जानकारी दिनुभयो । क्व्होलासोथारलाई पुर्खाहरूले क्होला सोँप्रे ट्होका नाममा पनि लिने गरेका बताउँदै उहाँले प्राचीन मौलिकताको उजागर गर्ने लक्ष्य राखिएको बताउनुभयो।

कास्की र लमजुङको सिमानामा रहेको क्होला सोँप्रे ट्हो तमु धर्मगुरुहरूले वाचन गर्ने गरेका बोँन धार्मिक ग्रन्थमा उल्लेख भएको जानकारी दिँदै सचिव गुरुङले सन् २००० मा क्याम्ब्रिज युनिभर्सिटी र पुरातत्व विभागद्वारा यसस्थलका बारेमा जानकारी लिन पहिलोपटक उत्खनन सुरु गरे पनि त्यसले अन्तिम रुप प्राप्त गर्न नसकेको बताउनुभयो। क्व्होलासोथारको ऐतिहासिकता र महत्वलाई उजागर गर्नका लागि सुरु गरिने भ्रमणका क्रममा प्राप्त भएका जानकारी, विवरणलाई प्रतिवेदन बनाइ ती प्रतिवेदन एकिकृत गरी यस क्षेत्रको प्रवर्द्धन र विकासका लागि योजनासहित सरोकार भएका निकायहरूको ध्यानाकर्षण गराइने सङ्घका केन्द्रीय महासचिव हर्क गुरुङले बताउनुभयो । सङ्घका केन्द्रीय अध्यक्ष ओमबहादुर गुरुङले क्व्होलासोथारको संरक्षणसँगै प्रचारप्रसार र प्रवर्द्धन गर्न सकिएमा नेपालकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने धारणा राख्नुभयो । हालै तमु प्येल्हु सङ्घ हङकङको टोलीले उक्त क्षेत्रको स्थलगत अध्ययन तथा अवलोकन गरी फर्किसकेको छ।

गण्डकी प्रदेशको लमजुङ जिल्लामा पर्ने क्व्होलासोथार गाउँपालिका उत्तर-पूर्वमा मर्स्याङ्दी गाउँपालिका, पश्चिममा कास्कीको सिमाना, दक्षिण-पूर्वमा बेँसीसहर नगरपालिका र दक्षिण-पश्चिममा मध्यनेपाल गाउँपालिकाको बीचमा अवस्थित छ।

क्व्होलासोथार गाउँपालिकामा पर्यटकीय सम्भावना बोकेका, प्राकृतिक सुन्दरताले भरिएका क्षेत्र भएकाले यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्नु जरुरी रहेको सङ्घको भनाइ छ। क्व्होलासोथारबाट देखिने हिमाली श्रृङ्खलाको आकर्षणका साथै यहाँ रहेका ऐतिहासिक र पुरातात्विक सम्पदाको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्नुपर्नेमा सङ्घले जोड दिएको छ।

# पाँचौं मनुश्री/भिग्नजित राष्ट्रिय जुनियर टेनिस शुरु

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख

पाँचौं मनुश्री/भिग्नजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता शनिबारबाट पोखरा रंगशालास्थित टेनिस सेन्टरमा शुरू भएको छ । प्रतियोगिताको पलिहो दिन यू-९ गर्ल्सतर्फ मिलिवाना लावत र भानी राजभण्डारीले फाइनलमा स्थान बनाएका छन् ।



कास्की जिल्ला टेनिस संघको आयोजनामा शुरू भएको प्रतियाृगितामा यू-१८ ब्वाइज तर्फ सेमीफाइनल समिकरण पुरा भएको प्रतियोगिताका टुर्नामेन्ट डाइरेक्टर कुमार अधिकारीले जानकारी दिएका छन् । सो उमेर सुमहमा दर्शिल श्रेष्ठ र स्पन्दन उदास तथा शास्वत बज्रचार्य र सुरेन्द्र बिकले सेमीफाइनलमा स्थान पक्का गरे । यस अघी भएको खेलमा दर्शिलले संगम मगरलाई ६-०, ६-० को सोभ्रो सेटमा पराजित गर्दा शास्वतले सन्दिप विकलाई ६-०, ५-७ र ६-० को सेटमा पराजित गरे । यता स्पन्दनले अभिषेक विकलाई ६-०, ६-० को सोभ्रो सेटमा हराउँदा सुरेन्द्र भने वाई पाएर सेमीफाइनलमा स्थान बनाएका छन् । यता यू-१६ गर्ल्सतर्फ ऐरा खत्री र शाल्भी शेरचन तथा आरुषी शेरचन र सोराह थापाले सेमीफाइनमा स्थान पक्का गरेका छन् । बैशाख ८ गते सम्म सञ्चालन हुने प्रतियोगिताको एक कार्यक्रमका बीच नेपाल टेनिस संघका उपाध्यक्ष बिनोद कायस्थ र केन्द्रिय सदस्य विष्णु बहादुर थापाले संयुक्त रुपमा उद्धाटन गरे । सो अवसरमा उपाध्यक्ष कायस्थले यो प्रतियोगिताले यूवा खेलाडीमा उत्साह जगाएको बताउँदै अब पोखरामा वार्षिक ५ वटा जुनियर प्रतियोगिता आयोजना गर्ने गरी तयारी भइरहेको बताए । कास्की जिल्ला टेनिस संघका निर्वतमान अध्यक्ष एवं प्रतियोगिताका संयोजक लोक बहादुर गुरूङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल नं १ टेनिस खेलाडी प्रदिप खड्काले समेत आफ्ना भनाई राखेका थिए ।

प्रतियोगितामा यू-८, यू-९, यू-१०, यू-१२, यू-१४, यू-१६ र यू-१८ उमेर समूहका ब्वाइज तथा गर्ल्सतर्फ सिंगल्स र डबल्स गरी कुल १६ इभेन्टमा प्रतिस्पर्धा शुरू भएको हो । प्रतियोगितामा कास्कीका १५ जना खेलाडीसहित करिब ९० खेलाडीको सहभागिता रहेको छ । प्रतियोगिताको मुख्य प्रायोजन कुमार मोहनबहादुर शाहीले गरेका छन् । उनले आफ्ना नाति-नातिनीको नाममा यस प्रतियोगितालाई विगत पाँच वर्ष देखि प्रायोजन गर्दै हुन् ।

प्रतियोगितामा पोखरासहित काठमाडौं, चितवन र बुटवलका खेलाडीहरुको सहभागिता रहेको छ ।

# पोखरामा राष्ट्रिय जैविक विविधता रणनीति छलफल : बाँदर समस्या बढ्दो

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख

जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ शुक्रबार पोखरामा 'राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना(२०२६-२०३०)' सम्बन्धमा छलफल गरिएको छ ।

वन तथा वातावरण मन्त्रालयको आयोजनामा सरोकारवाला निकायका प्रतिनिधि सहभागी छलफलमा सहभागीले जैविक विविधताको संरक्षण, जलवायु परिवर्तनका असर न्यूनीकरण, प्राकृतिक स्रोतको दिगो उपयोग तथा स्थानीय समुदायको सहभागिता सुदृढ गर्ने लगायतका विषयमा आ आफ्ना धारणा राख्नुभएको थियो । पछिल्ला समयमा बाँदरको बढ्दो जोखिम, जलवायुपरिवर्तनको असर न्यूनीकरणसँगै प्राकृतिक स्रोतको संरक्षणसँगै उपयोग हुनुपर्ने कुरामा वक्ताले जोड दिएका थिए । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)का बीरेन्द्र बस्नेतले यस रणनीति तथा कार्ययोजनाले संरक्षणसँगै उपयोगका विषय र जैविक विविधताको विषय समाजको हरेक पक्षसँग जोडिने उहाँले बताउनुभयो । वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशका सचिव मोहनराज काफ्लेले जैविक विविधता समाजका हरेक पक्षसँग जोडिने बताउँदै यसलाई बचाउनु हामी सबैको साभ्रा कर्तव्य भएको बताउनुभयो ।

वन संरक्षण तथा व्यवस्थापन महाशाखाका प्रमुख पूर्णेश्वर सुवेदीले जैविक विविधता समृद्धिको आधारस्तम्भ भएको बताउँदै यसको संरक्षण र उपयोग आवश्यक हुनेमा जोड दिनुभयो । कार्यक्रममा सामूदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कालिदाश सुवेदी, जिल्ला वन अधिकृत कोमल काफ्ले, उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका कोषाध्यष राजेन्द्र ओभ्रा लगायतले प्राकृतिक साधनस्रोतको संरक्षणसँगै यसको सहज उपयोगलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

# छैटौं टाइगर कप भलिबलबाट २२ लाख बचत

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख

छैटौं संस्करणको टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब महिला तथा पुरुष भलिबल प्रतियोगिता २०८२ बाट २२ लाख ६५ हजार १०६ रुपैयाँ बचत भएको छ ।

टाइगर ग्रुप अफ पोखरा नेपालले शनिबार पोखरा रङ्गशालामा आयोजना गरेको आय-व्यय सार्वजनिक कार्यक्रममा संस्थाका अध्यक्ष नारायणप्रसाद शर्मोले उक्त प्रतियोगिताबाट आम्दानी हुने रकमबाट खर्च कटाई उक्त रकम बचत भएको बताउनु भएको हो ।

गत माघ ९ देखि १७ गतेसम्म पोखरा रङ्गशालास्थित भलिबल ट्रेनिङ सेन्टरमा सञ्चालन भएको प्रतियोगिता सम्पन्न गर्न कुल १ करोड ३७ लाख ४२ हजार ६ सय १९ रुपैयाँ खर्च भएको उहाँले जनाउनु भयो । ९ दिन संचालन भएको प्रतियोगिताबाट १ करोड ६० लाख ७ हजार ७ सय २५ रुपैयाँ आम्दानी भएको संस्थाका कोषाध्यक्ष हरिबहादुर श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगितामा सबै भन्दा धेरै आम्दानी प्रवेश टिकटबाट भएको छ भने खर्च तर्फ सहभागि टिम व्यबस्थापन तथा यातायात तर्फ रहेको छ । प्रवेश शुल्कबाट मात्रै ५९ लाख ४९ हजार २ सय ८२ रुपैयाँ संकलन भएको थियो भने स्वदेश तथा विदेशका संघसंस्था र व्यक्तिबाट ४८ लाख ४३ हजार ४ सय ४३ रुपैयाँ सहयोग प्राप्त भएको थियो । नेपाली टिमका लागि २४ लाख ४९ हजार २०० रुपैयाँ र विदेशी टिमका लागि २० लाख ८४ हजार ९८ रुपैयाँ खर्च भएको थियो। सुश्री मिडिया प्रालि, बानेश्वर काठमाडौंबाट ३० लाख रुपैयाँ सहयोगप्राप्त भएको थियो। त्यसैगरी प्रदेश खेलकुद परिषद् गण्डकी र पोखरा महानगरपालिकाबाट समान १०/१० लाख रुपैयाँ सहयोग प्राप्त भएको थियो । टिम दर्ता शुल्कबाट १ लाख ३५ हजार, सिजनल टिकटबाट ८० हजार रुपैया सहयोग प्राप्त भएको संस्थाले जनाएको छ । त्यसैगरी पुरस्कार तथा प्रोत्साहनमा २६ लाख ७३ हजार रुपैयाँ खर्च गरिएको थियो। अस्थायी प्यारापिट, मञ्च, टेन्ट तथा साउन्ड सिस्टम तर्फ १९ लाख ३२ हजार ४ सय ७० रुपैयाँ, जुरी तथा रेफ्रीमा १० लाख १५ हजार ४ सय ६० रुपैयाँ र पूबर्द्धन, प्रचारप्रसार र विज्ञापनमा ४ लाख २५ हजार रुपैयाँ खर्च भएको थियो। अन्य शीर्षकहरूमा बीमा, प्राथमिक उपचार, ट्रफी, खेल सामग्री, स्वयंसेवक परिचालन, मैदान व्यवस्थापन तथा अतिथि सत्कारमा पनि रकम खर्च गरिएको थियो ।

प्रतियोगितामा महिलातर्फ ५ र पुरुषतर्फ ६ गरी कुल ११ टिमको सहभागिता रहेको थियो। महिलातर्फ न्यू डायमण्ड युथ स्पोर्ट्स क्लब विजेता बन्यो भने पुरुषतर्फ गण्डकी प्रदेश भलिबल सङ्घले उपाधि जित्यो। दुवै विजेता टोलीले ६ लाख ६६ हजार ६ सय ६६ रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका थिए । संस्थाका अध्यक्ष शर्माले बचत भएको रकम शिक्षा, स्वास्थ्य, खेलकुद तथा सामाजिक क्षेत्रमा खर्च गरिने बताउनुभयो। साथै आगामी संस्करणहरू अभ्रै व्यवस्थित र परिष्कृत बनाउँदै लैजाने संस्थाका सचिव डिबी नेपालीले बताउनु भयो ।

# पोखरा १३ मा साहित्य पर्व तयारी

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख

पोखरा महानगरपालिका वडा नम्बर १३ ले 'साहित्य पर्व' को तयारी तीव्र पारेको छ ।

शब्दसँगको आत्मीयता र पठन संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले वडाले यो कार्यक्रम आयोजना गर्न लागेको हो । वैशाख १२ गते वडा कार्यालय परिसरमै हुने यस महोत्सवका लागि आशीर्वाद क्लब र अरण्यज्योति पुस्तकालयले समन्वय गरेका छन् । धार्मिक, ऐतिहासिक र साहित्यिक हिसाबले सम्पन्न यो वडाले आफ्नो पहिचानलाई थप उचाइमा पुऱ्याउन दोस्रो चरणको साहित्यिक कार्यक्रम गर्न लागेको हो । कार्यक्रममा मुख्य वक्ताका रुपमा साहित्यकार तथा पत्रकार नारायण वाग्ले सहभागी हुनेछन् । वाग्लेले 'मसीको सुगन्धदेखि एल्गोरिदमको गहिराइसम्म : साहित्यको एक शताब्दी यात्रा' विषयमा आफ्नो प्रस्तुति राख्ने तयारी रहेको आयोजकले जनाए। साहित्यलाई समाजको आत्मा र विकासको आधार मान्दै आयोजना हुन लागेको यस पर्वले स्थानीय र राष्ट्रिय क्षेत्रको ध्यान आकर्षित गर्ने अपेक्षा गरिएको छ । वडाध्यक्ष किरण बरालले वडाको समग्र विकासमा भौतिक पूर्वाधार मात्र नभई बौद्धिक र सांस्कृतिक चेतना पनि अपरिहार्य रहेको बताए । उनले भने, 'हामीले साहित्यमार्फत वडाको ऐतिहासिक र जातीय विविधतालाई जोड्न खोजेका छौं, यसले नयाँ पुस्तालाई आफ्नो माटो र पहिचानसँग साक्षात्कार गराउनेछ ।' वडाले लोककवि अलि मियाँको जन्मभूमि हुनुको गौरवसँगै भद्रकाली मन्दिर, जामे मस्जिद अक्सा र कमलपोखरी जस्ता ऐतिहासिक स्थलहरुको महत्वलाई पनि साहित्यमार्फत उजागर गर्ने लक्ष्य राखेको छ ।

कार्यक्रमको स्वरूप र व्यवस्थापनका विषयमा संयोजक राजेन्द्र भण्डारीले सिर्जनात्मक प्रतिभा प्रस्फुटनका लागि यो पर्व एउटा बलियो मञ्च बन्ने उल्लेख गरे। उनका अनुसार कार्यक्रममा विभिन्न ६ वटा सत्रहरु सञ्चालन हुनेछन् । पहिलो सत्रमा कलाकार दुर्गा बरालले 'बितेका पाइला र आउने बाटोः पोखराका युगपुरुषहरुको पदचापमा' विषयमा लोककवि अलि मियाँ, जगन्नाथ सिग्देल र टेकबहादुर ढेवाजुको योगदानका बारेमा अन्तर्संवाद गर्नेछन् । भण्डारीले भने, 'साहित्यिक सिर्जनशीलताको संवर्द्धन र सांस्कृतिक आदानप्रदान नै हाम्रो मुख्य ध्येय हो ।' पर्वमा समाजशास्त्री डा कपिल अधिकारीले 'अक्षरदेखि एल्गोरिदमसम्म : हाम्रो अबको शिक्षा र बदलिँदो समाजको स्वरूप' बारे चर्चा गर्नेछन् । यस्तै उद्यमीहरु नारायण पौडेल र सुमेजराज भण्डारीसँग प्रविधि र औद्योगिक यात्राका विषयमा वार्ता गर्ने कार्यक्रम तय भएको छ । नारी अस्तित्वका स्वरहरु अन्तर्गत साहित्यमा नारीको प्रतिनिधित्वका विषयमा सरस्वती प्रतीक्षासँग हसिना बस्नेतले संवाद गर्नेछिन्। कार्यक्रमको आकर्षणका रुपमा कन्दरा ब्यान्डका गायक विवेक श्रेष्ठसँग पोखराको सांगीतिक जीवनको यात्राका बारेमा भलाकुसारी गरिने र उनका उत्कृष्ट गीतहरु समेत प्रस्तुत गरिने आयोजकले जनाए ।

साहित्यिक पर्वमा स्थानीय प्रतिभाहरुलाई पनि प्राथमिकता दिइएको छ। जसमा धर्मराज अल्पायु, नुमराज बराल, अमर धिताल, सरस्वती परियार र सरस्वती श्रेष्ठ सरुले आफ्ना सिर्जना र गायन प्रस्तुत गर्नेछन् । अरण्यज्योति पुस्तकालय र भद्रकाली माध्यमिक विद्यालय जस्ता प्राज्ञिक संस्थाहरु रहेको यस वडाले शब्दको विन्यासबाट नवनिर्माण गर्ने अभियानमा सबै वडावासीको साथ र सहयोगको अपेक्षा गरेको छ। पहिलो साहित्य पर्वको सफलताले थप उत्साह जगाएको उल्लेख गर्दै आयोजकले यस पटकको कार्यक्रमलाई अभ्रै भव्य र सभ्य रुपमा सम्पन्न गर्न तयारी अन्तिम चरणमा पुऱ्याएको बताए ।

# ५ करोडको कारोवार गर्दै सकियो आलु महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख

५ करोड बढीको कारोवार गर्दै १४ औं राष्ट्रिय हेमजा आलु महोत्सव शनिबारदेखि सकिएको छ ।




गत २७ चैतबाट सुरु उक्त महोत्सवको अन्तिम दिन शनिबारसम्म त्यहाँबाट ३६ लाख बढीको आलु बिक्री भएको छ । महोत्सवका रहेका कृषि तथा अन्य व्यापारिक स्टल सबैबाट गरी ५ करोड बढीको कारोवार हुन सफल भएको आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठले जानकारी दिए । त्यहाँ आलुको परिकारको एउटा स्टलका अलवा कृषितर्फ ३० तथा एक सय बढी व्यापारिक स्टल थिए । त्यस्तै १ लाख बढी दर्शकले महोत्सव अवलोकन गरेको पनि आयोजकको भनाई छ ।

शनिबार महोत्सव समापन गर्दै पोखरा महानगरपालिका प्रवक्ता समेत रहेका पोखरा २५ का अध्यक्ष मोतिलाल तिम्सिनाले आलु महोत्सव हेमजा तथा समग्र पोखरा क्षेत्रकै व्राण्ड बनेको बताउँदै स्थानीय कृषि उपजलाई प्रवर्द्धन गर्न महोत्सव सफल भएको जनाए । पोखरा महानगरले पर्यटनसँगै कृषिलाई सँगसँगै जोडेको उल्लेख गर्दै प्रवक्ता तिम्सिनाले महोत्सवसँगै कृषिमा होमिन हौसला मिलेको भनाई राखे। सबैको सद्प्रयासले महोत्सव सफल भएको उनले स्पष्ट पारे । पोखरा महानगरपालिका आर्थिक महाशाखा प्रमुख मनोहर कडरियाँले आलु महोत्सवले निरन्तरता पाउनु खुशीको कुरा भएको सुनाउँदै हेमजालाई तरकारी साथै मौरी क्षेत्र बनाउन महानगर लागि परेको उल्लेख गरे । महोत्सवका माध्ययम मार्फत बजारको पैसा कृषकको हातहातमा पुगेको उनले भनाई छ । आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठले सरोकारवाला सबैले जिम्मवारी पुरा गरेका कारण महोत्सव सफल भएको उल्लेख गर्दै क्लवले सामाजिक उत्तरदायित्वपूर्ण क्रियाकलापलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।

महोत्सव अन्तर्गत भएको रत्यौली गीत प्रतियोगितामा सहनशील दिदीबहिनी समूह प्रथम, कमलजौंसी आमा समूह द्वितीय, गौरीशंकर आमा समूह तृतीय तथा खुट्टेगौंडा लामाचौतारा आमा समूह र चापाघाट आमा समूह सान्त्वना भए।प्रथम, द्वितीय, तृतीय र सान्त्वना भएसँगै ति समूहले क्रमशः नगद रु. १० हजार, ८ हजार, ५ हजार साथै ३ हजारका साथमा प्रमाणपत्र पुरस्कार प्राप्त गरे । त्यसैगरी कृषि भ्राँकी ऱ्याली संघसंस्थातर्फ नेवा खलः पहिलो, मातृकेश्वर एकता भजन समूह दोस्रो, आराध्या भजन समूह तेस्रो भए । आमा समूहको कृषि भ्राँकीतर्फ चापाघाट आमा समूह प्रथम, देवीस्थान आमा समूह दोस्रो, लालीगुराँस आमा समूह तेस्रो, लक्ष्मी आमा समूह र तिब्रकोट आमा समूह क्रमशः सान्त्वना हुन सफल भएको जनाइएको छ।त्यस्तै नृत्यतर्फ जनकल्याण आमा समूहले उत्कृष्टता हासिल गर्दै खसी पुरस्कार जित्न सफल भयो । महोत्सबमा शनिबार कलाकारहरु प्रकाश सपुत, प्रेमराज अधिकारी, नेत्र खड्का, सीता परियार, ममता तामाङ लगायतका प्रस्तति रहे । यसपालि हेमजामा आलु खरिद गर्नकै लागि पोखरा लगायत छिमेकी अन्नपूर्ण एवम् माछापुच्छ्रे गाउँपालिका, स्याङ्जा, चितवन, तनहुँ, पर्वत, मुस्ताङ, बाग्लुङ, सुनसरी, रुपन्देही लगायतका जिल्लाबाट मानिसहरु पुगेका थिए । 'सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउँः आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ महोत्सव गरिएको हो । महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार रहेका थिए । त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि भ्राँकी प्रतियोगिता, चर्चित कलाकारहरुका दैनिक प्रस्तुति साथै विभिन्न कृषि उपज, वीउविजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी पनि गरिएको थियो । महोत्सव मूल आयोजक समितिका संयोजक श्रेष्ठको अध्यक्षतामा भएको समापन कार्यक्रम मूल आयोजक समितिका महासचिव विकल थापाले संचालन गरे ।

# सहकारीका शेयर सदस्यलाई मौरी घार वितरण

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख

पोखरा १९ घार्मीमा रहेका कृषकलाई मौरी घार वितरण गरिएको छ । स्थानीय घार्मी कृषि, वातावरण तथा पर्यटन सहकारीले आफ्ना सेयर सदस्य कृषकहरुलाई कृषि ज्ञान केन्द्र कास्कीको अनुदानमा ५० वटा घार मौरी वितरण गरेको हो ।

शनिवार आयोजित कार्यक्रममा कृषि ज्ञान केन्द्र कास्कीका कार्यालय प्रमुख सुदिप खतिवडा, सहकारी अध्यक्ष पोषराज पौडेल तथा कृषि उपसमिति संयोजक माधव प्रसाद पौडेलले कृषकहरुलाई मौरी घार हस्तान्तरण गरे । कार्यक्रममा बोल्दै केन्द्रका प्रमुख खतिवडाले घार्मी गाउँ मौरी पालनका लागि उपयुक्त क्षेत्र रहेको बताउँदै, सहकारी संस्थाको पहलमा यस क्षेत्रलाई मौरी पालन अनुदानका लागि छनोट गरिएको बताए । उनले कृषकहरुलाई लगनशील भई कार्य गरि आफ्नो व्यवसाय वृद्धि गर्न सुभ्राव दिए । सहकारी अध्यक्ष पोषराज पौडेलले सहकारीले स्थानीय कृषकहरुको समस्या, आवश्यकता र अवधारणालाई सम्बोधन गर्दै निरन्तर अघि बढिरहेको र भविष्यमा पनि यस्ता खालका कृषक लक्षित योजनाहरु ल्याउने बताए । सो अवसरमा सक्षम बि फर्मका निर्देशक रमेश पौडेलले कृषकहरुलाई मौरी पालन सम्बन्धी विभिन्न विषयमा प्रशिक्षण दिएका थिए ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# कांग्रेसको आधिकारिकता गगनलाई

नेपाली कांग्रेसको आधिकारिता विवादमा सर्वोच्च अदालतले वर्तमान सभापति गगनकुमार थापाको पक्षमा फैसला गरेको छ । तीन महिनाअघिदेखि काङ्ग्रेसको आधिकारिक किचलो अदालतबाट कानुनीरुपमा हटेपनि राजनीतिक किचलो बाँकी छ । सर्वोच्चका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले थापा नेतृत्वको वर्तमान केन्द्रीय कार्यसमितिको पक्षमा निर्णय दिएको छ । तत्कालीन सभापति शेरबहादुर देउवा र कावा सभापति पूर्णबहादुर खड्काले थापा नेतृत्वको नेपाली कांग्रेसलाई वैधानिकता दिने निर्वाचन आयोगको निर्णय र विशेष महाधिवेशनको वैधानिकतामाथि प्रश्न उठाउँदै रिट दायर गरेका थिए ।

सर्वोच्चले देउवा र खड्काले दायर गरेको रिट खारेज गरिदिएको छ । संविधान, कानुन र नेपाली कांग्रेसका विधानविपरीत निर्वाचन आयोगले गगन थापा नेतृत्वको कांग्रेसलाई आधिकारिता दिएको दाबी रिटमा गरिएको थियो । यो निर्णयपछि सभापति गगनलाई सभापतिको हैसियतमा काम गर्न थप सहज भएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनमा सभापति शेर बहादुर देउवालाई मान्नेहरु पनि सभापति गगन कुमार थापाको हस्ताक्षरबाट निर्वाचनमा भाग लिएका थिए । समानुपातिकमा शेर बहादुर देउवा र प्रत्यक्षमा गगन कुमार थापालाई सभापति मानेर निर्वाचनमा गएका कारण राजनीतिक रुपमा कमजोर बनेकाहरुलाई सर्वोच्चले पनि त्यसलाई पनि आधार मानेर फैसला गरेको छ । सर्वोच्चले शुरुमै गगनलाई सभापतिको रुपमा काम गर्न सहज बनाएको थियो ।

आफूलाई कांग्रेसको १४ औं महाधिवेशनबाट निर्वाचित सभापतिकै हैसियतमा रहेको भन्दै देउवाले विशेष महाधिवेशनलाई नै अवैध भनेका थिए । सर्वोच्चले देउवा र खड्काको दाबी खारेज गर्दै थापा नेतृत्वमा रहेको नेपाली कांग्रेस र आधिकारिकता दिने गरी निर्वाचन आयोगबाट भएको निर्णयलाई वैधता दिएको छ । निर्वाचन आयोगबाट साथ पाएको गगन पक्षलाई सर्वोच्चले पनि अनुमोदन गरेर राजनीतिक मुद्दामा अदालतबाट साथ पाइन्छ भन्ने आशा गर्नु भ्रम हो । राजनीतिक रुपमा असहमति भए पनि नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षको भेलाले सर्वोच्च अदालतको फैसला स्वीकार गरेर अघि बढ्ने निष्कर्ष निकालेको छ । सर्वोच्च अदालतको फैसलापछि पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का निवासमा बसेको बैठकले असहमति भए पनि सर्वोच्चको फैसला मानेर अघि बढ्ने निष्कर्ष निकालेको नेता मीनबहादुर विश्वकर्माले सुनाएका छन । सर्वोच्चको फैसलापछि देउवा पक्षले गगन थापालाई पार्टी सभापति मानेको छा उनले हिजोदेखि पूर्णबहादुर खड्का निवर्तमान कार्यवाहक सभापति भएको । पार्टीलाई एकताबद्ध बनाएर लैजाने जिम्मा सभापति गगन थापाको जिम्मेवारी भएको उनले बताए ।

अब पार्टीलाई कसरी लैजाने भन्ने हिजो शेरबहादुर देउवाको खुट्टामा गोल थियो भने अब सर्वोच्च अदालतले अहिलेका विशेष महाधिवेशनबाट आएका सभापति गगन थापाको खुट्टामा अदालतले बल फाल्दिएको छ । अब कसरी पार्टीलाई एकताबद्ध बनाउने, कसरी पार्टीलाई ठूलो बनाउने र कसरी पार्टीलाई भावनात्मक रूपले सबै एक स्वरले नेपाली कांग्रेसका पक्षमा आबद्ध हुने वातावरण बनाउनुहुन्छ, त्यो उहाँको खुट्टामा छ ।'


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : व्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।


# महिलालाई आत्मनिर्भर बनाउँदै सहकारी

**पोखरापत्र संवाददाता**
दमौली, ५ बैशाख

यहाँको देवघाट गाउँपालिका-५ चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्थाले दुग्धजन्य उत्पादन बिक्री गर्न प्रत्येक साताको एक दिन मेला सञ्चालन गर्न थालेको छ ।

गाउँपालिकाको एकमात्र महिला सहकारी संस्थाको रूपमा रहेको उक्त सहकारीले सदस्य महिलाहरूको आयआर्जन र आर्थिक समृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । सोहीअनुसार सदस्यहरूद्वारा उत्पादित दुग्धजन्य वस्तु तथा कृषिउपज प्रवर्द्धन र बिक्री गर्न प्रत्येक साताको शुक्रबार मेला सञ्चालन गर्न थालेको हो । मेलामार्फत दुग्धजन्य पदार्थ बिक्री गरिने सहकारीका अध्यक्ष सावित्री न्यौपानेले बताउनुभयो ।

सहकारी संस्थाकी व्यवस्थापक सङ्गीता ओभा भुर्तेलले मेलाका दिन दुग्धजन्य वस्तुको बिक्रीमा विशेष छुट दिइने जानकारी दिनुभयो । उहाँका अनुसार मेलामा दूध, दही, पनिर, कुल्फी, घ्यु, मोही, लस्सी, पनिर मःम, पनिर पकौडा, घ्यूमा पकाएको सेलरोटी, दही पुरी तथा स्थानीय अर्गानिक कृषिउपज वस्तुहरू बिक्री गरिन्छ । देवघाटका महिलाहरूले सञ्चालन गरेको उक्त सहकारीले बचत तथा ऋणको कारोबारसँगै दूध सङ्कलन, दुग्धजन्य वस्तुको उत्पादन, डेरी सञ्चालन, पशुपालन, तरकारीखेती तथा सामूहिक नगदेबाली खेतीजस्ता आयआर्जनमा सदस्यहरूलाई आबद्ध गराउँदै आएको छ ।

सहकारीमा हाल दैनिक ६०० लिटरभन्दा बढी दूध सङ्कलन हुँदै आएको छ । सङ्कलित दूधलाई आफ्नै उद्योगबाट विभिन्न वस्तु बनाई बिक्री गर्दै आइरहेको छ । सहकारीमा हाल ८१९ जना शेयर सदस्य छन् । सहकारीमा देवघाटको वडा नम्बर ५ तथा वडा नम्बर ४ र १ का महिलाहरू सदस्य छन् ।

शेयर सदस्यमध्ये अधिकांश पशुपालनमा संलग्न छन् । शेयर सदस्यहरूले उत्पादन गरेको दूध सहकारीले खरिद गरी दुग्धजन्य वस्तुहरू उत्पादन गरी बिक्री गर्दै आएको छ । सहकारीको आफ्नै चक्रवर्ती डेरी उद्योगबाट उत्पादित दुग्धजन्य वस्तुहरू चितवनको नारायणगढ, भरतपुर, मुग्लिङ, हेटौँडा, कावासोती, गैँडाकोटलगायतका बजारहरूमा डेरी पसलमार्फत बिक्री हुँदै आएको छ भने सहकारीको भवनबाट पनि उल्लेख्य मात्रामा बिक्री हुँदै आएको व्यवस्थापक ओभाले बताउनुभयो । उहाँका अनुसार हाल उक्त डेरी उद्योगमार्फत मासिक दश लाख रुपैयाँको दुग्धजन्य उत्पादनको कारोबार हुँदै आएको छ । सहकारीलाई देवघाट गाउँपालिकाले दूधमा प्रोत्साहन रकम उपलब्ध गराएको छ भने उत्पादित वस्तुहरूको बजारीकरणमा हेफर इन्टरनेशनल नेपालले सहयोग गर्दै आएको छ ।

# पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक श्रमदानबाट मर्मत

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ बैशाख

स्थानीयले श्रमदान गरेर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको पर्यटकीयस्थल घोडेपानी जोड्ने सडकको लुलियाघुम्ती खण्डको मर्मत गरी सहज यातायात सञ्चालनको व्यवस्था मिलाएका छन् । पोखरेबगर-घोडेपानी सडकको लुलियाघुम्तीमा दुर्घटना बढ्न थालेपछि स्थानीयले श्रमदानमार्फत मर्मत गरेका हुन् ।

पोखरेबगर, कुरुम्मी, हल्लेखर्क, बिरौटा, भुवानीथान र घारगाउँका ८० जनाले दुईदिन श्रमदान गरेर मर्मत गरेका पोखरेबगर युवा क्लबका अध्यक्ष रामकृष्ण खड्काले जानकारी दिनुभयो । अन्नपूर्ण गाउँपालिकाले उपलब्ध गराएको जाली भरेर १३ घनमिटर पर्खाल निर्माण र उकालो घुम्तीमा करिब ३० मिटर दूरीमा ढुङ्गा बिछ्याइएको छ । मर्मतपछि सडकमा सहज रूपमा सवारीसाधन सञ्चालन हुन थालेका उहाँले बताउनुभयो । अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्का, स्थानीय राजाराम बरुवाल, विपिन बरुवाल, रामकृष्ण खड्काको समन्वयमा सडक मर्मतका लागि यसै हप्ता श्रमदान अभियान सञ्चालन भएको थियो । सडक मर्मतका क्रममा ढुङ्गा ढुवानी, खाजा, डोजर परिचालनका लागि मुक्तिनाथ केबुलकार प्रालिबाट रु ५० हजार नगद र अन्य दाताहरूबाट सामग्री सहयोग भएको छ । लुलियाघुम्ती र हल्लेखर्क पहिरो क्षेत्रमा सडकको जीर्ण अवस्थाका कारण स्थानीयवासीका साथै पर्यटकीयस्थल घोडेपानी भ्रमणमा जाने पर्यटकलाई समस्या हुँदै आएको थियो । स्थानीय उद्यमी शिव खड्काका अनुसार पहिरोका कारण साँघुरिएको, ग्रेड र मोड नमिलेको लुलियाघुम्ती र हल्लेखर्क पहिरोमा सवारीसाधन उक्लन नसक्ने, बीचैमा अड्किने, दुर्घटना हुनेलगायत समस्या बढेको थियो । संघीय सरकारले बजेट विनियोजन गरेको योजना कार्यान्वयनमा भएको ढिलाइका कारण जोखिम बढेपछि समुदायस्तरमा श्रमदान गरेर अस्थायी रूपमा मर्मत थालिएको वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो । "लुलियाघुम्ती, हल्लेखर्कको सडक सुधारका लागि स्थानीय पूर्वाधार विकास कार्यालय पोखराले आयोजना कार्यान्वयनमा गरेको ढिलाइले दुर्घटनाको जोखिम र सास्ती बढाएको छ", उहाँले भन्नुभयो, "जनप्रतिनिधिबाट निरन्तर ताकेता भएपछि कार्यालयले बिहीबार मात्रै रु तीन करोड बजेट विनियोजन भई आयोजना कार्यान्वयनका लागि ठेक्का आह्वान गरेको छ ।"

घोडेपानीको वनपाखा लालीगुराँस फुलेर रङ्गिएको छ । कास्कीको बिरेठाटीतर्फबाट पनि घोडेपानी सडकले जोडिएको छ । बिरेठाँटी उल्लेरी हुँदै घोडेपानी जोड्ने सडक नयाँ मार्ग खुलेकाले भालेओडार क्षेत्रमा हिलोमा फस्ने समस्या रहेको स्थानीय बताउँछन् । लालीगुराँसको जङ्गल, पुनहिलबाट हिमशृङ्खला अवलोकनका लागि सवारीसाधन चढेर घोडेपानी जाने आन्तरिक पर्यटकको घुइँचो बढेको छ ।

# तीन पटकसम्म म्याग थप्दा पूरा हुन सकेन नमूना पशु अस्पताल भवन

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ बैशाख

तनहुँको व्यास नगरपालिका-३ दमौलीस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र परिसरमा नमूना अस्पतालको भवन निर्माण निर्माणाधीन अवस्थामा छ । पटक-पटक म्याद थपे पनि गण्डकी प्रदेशको गौरवको योजनाको रूपमा निर्माणाधीन नमूना पशु अस्पतालको भवन निर्माण पूरा हुन सकेको छैन ।

प्रदेश सरकारको प्राथमिकताको योजनाका रूपमा रहेको नमूना पशु अस्पताल भवन निर्माण पूरा गर्ने उद्देश्यले चौँथो पटक निर्माणावधि थपिएको छ । अस्पतालको केही निर्माण भइरहेकोले निर्माण अवधि चौँथो पटक थप गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख रविनसन अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार चौँथो पटक विसं २०८३ जेठ १० गतेसम्मका लागि अवधि थप गरिएको छ । हालसम्म ७७ प्रतिशत भौतिक प्रगति भएको छ भने ५४ दशमलव ३४ प्रतिशत आर्थिक प्रगति भएको विज्ञ केन्द्रले जनाएको छ । विसं २०७८ साउन १२ गते निर्माण कम्पनीले विसं २०७९ पुस १२ मा नमूना अस्पतालको भवन निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको थियो । सम्झौता अवधिमा निर्माण सम्पन्न हुन नसकेपछि तेस्रो पटक विसं २०८२ जेठ २१ को निर्णयअनुसार विसं २०८२ कात्तिक मसान्तसम्मका लागि म्याद थप गरिएको थियो । सो अवधिमा पनि पशु अस्पतालको भवन निर्माण पुरा हुन नसकेपछि विसं २०८३ जेठ १० गतेसम्मका लागि म्याद थप गरिएको हो । तीन पटक समयावधि थपिँदा पनि पूरा हुन नसक्दा पशुपालक किसानले पाउनुपर्ने सेवा प्रवाहमा सकस भएको अधिकारीले बताउनुभयो । पटकपटक म्याद थपिँदा पनि उल्लेख्य प्रगति हुन नसक्दा आयोजना नै अलपत्र अवस्थामा पुगेको हो । म्याद थप गरिएपछि चालु आर्थिक वर्षमा रु २० लाख निर्माण कम्पनीलाई भुक्तान गरिएको प्रमुख अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार भवन अभावले गर्दा अस्पताललाई आवश्यक पर्ने उपकरण जडान र सेवा विस्तारको प्रक्रिया अगाडि बढिरहेको छ । तनहुँ र कास्की जिल्लामा एकैसाथ नमूना पशु अस्पताल निर्माण सुरू गरिएको थियो । कास्कीमा भने भवन निर्माण सम्पन्न भई सेवा प्रवाह भइरहेको केन्द्रले जनाएको छ । गण्डकी प्रदेश सरकारले भ्याट बाहेक रु चार करोड ९० लाखको लागतमा ठेक्का सम्झौता गरेको थियो । बहुवर्षीय योजनाअन्तर्गत अस्पतालको भौतिक संरचना क्रमशः विस्तार गर्दै लैजाने लक्ष्य राखिएको भएपनि आवश्यक संरचनासमेत निर्माण हुन सकेको छैन । पूर्वाधारसहित पूर्ण सञ्चालनका लागि करिब रु १० करोड लाग्ने अनुमान गरिएको छ । साढे दुईतले भवनमा आकस्मिक, शल्यक्रिया, रेडियोलोजी र प्याथोलोजीसहित २३ वटा कोठा रहनेछ । गुणस्तरीय पशु चिकित्सा सेवा उपलब्ध गराउने उद्देश्यले प्रदेशको मध्यभागमा पशु अस्पतालको भवन निर्माण थालिएको हो । पछिल्लो पटक थपिएको निर्माणावधिमा अस्पताल भवन निर्माण भएमा तनहुँलगायत लमजुङ, गोर्खा, मनाङ, कास्की, नवलपुर, स्याङ्जा जिल्लाका सेवाग्राहीले पशु सेवा सहज रूपमा पाउनेछन् ।

# मुस्ताङको छुसाङमा राताम्मे पहाडमा गुफाभित्र गुम्बा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ५ बैशाख



यहाँको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ छुसाङमा रातम्मे पहाडको भित्ता खोपेर निर्माण गरिएका गुफाभित्र पनि गुम्बा छ । यो गुम्बामा प्रतिस्थापन गरिएको मूर्तिहरूको इतिहास बुझ्दा गुफाभित्र रहेको गुम्बा करिब एक हजार २०० भन्दा बढी पुरानो हो ।

जोमसोम हुँदै कागबेनी-कोरला सडकको नजिकै भिरालो सतहमा अवस्थित गुफाभित्रको गुम्बालाई 'मिन्दी ल्हवङ' गुम्बा भन्ने गरिएको छ । यो गुफाभित्रको धार्मिक बुद्धिस गुम्बा छुसाङगाउँका छ परिवारको स्वामित्वमा छ । यहाँ दैनिक साँझ छ परिवारका व्यक्तिले बर्सेनि आलोपालो गरी बत्ती बाल्ने र पूजाआजा गर्ने गर्दछन् । कोरला सडकमार्गको माथि भिरालो सतहमा अवस्थित गुफा निकै जोखिमयुक्त स्थानमा अवस्थित छ । परापूर्व कालमा छुसाङ गाउँका पूर्खाहरूले यहाँ पहाड खोपेर गुम्बा प्रतिस्थापन गरेका स्थानीय बताउँछन् । यहाँको गुम्बा कति वर्ष पुरानो हो भन्ने तथ्य स्वयं गुम्बाको स्वामित्व बोकेका पछिल्ला पुस्तालाई यकिन जानकारी नभएको छ परिवारमध्येका स्थानीय श्याम गुरुङले जानकारी दिनुभयो । परापूर्वकालमा मनाङबाट आएका पूर्खाले आफ्नो देवतालाई साथै लिएर छुसाङ गाउँमा स्थानान्तरण भएको भन्ने विश्वास रहँदै आएको उहाँले बताउनुभयो । निकै कमजोर भूसतहमा अवस्थित गुफा आफैँमा जोखिम स्थानमा रहेको जनाउँदै स्थानीय गुरुङले पुरातात्विक र ऐतिहासिक महत्त्वको यस गुफा र भित्र रहेको गुम्बा संरक्षण गर्नुपर्ने अभिभारा यहाँका छ परिवारलाई रहेको बताउनुभयो । उहाँका अनुसार वर्षौंदेखि यिनै छ परिवारका पुस्ताले गुफा र गुम्बा संरक्षण गर्दै आइरहेका छन् । करिब एक सय मिटर अग्लो माटोको पहाडमा रहेको गुफामा भूक्षय र बाढीले क्षति पुऱ्याउन सक्ने जोखिम रहेकाले सरोकार भएका निकायले यसको संरक्षण गर्नुपर्नेमा स्थानीय गुरुङले जोड दिनुभयो । भगवान्को शक्तिले गुफा र गुफाभित्रको गुम्बामा हालसम्म कुनै असर नभएको उहाँले उल्लेख गर्नुभयो । यस अनौठो गुफाभित्रको माथिल्लो तलामा गुम्बा प्रतिस्थापन गरिएको छ । गुम्बामा अधिकांश माटोद्वारा निर्मित बुद्धका विभिन्न स्वरुपका मूर्तिहरू ८०० वर्षभन्दा बढी पुराना रहेका स्थानीय गुरुङले जानकारी दिनुभयो । एउटा फ्रेम (चौघेरो) भित्र राखिएको हरितारोको ढुङ्गाको मूर्ति एक हजार २०० वर्ष पुरानो मानिएको उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार गुम्बाभित्र एक दर्जन बुद्ध भगवान्का विभिन्न स्वरुपका मूर्ति प्रतिस्थापन भएका छन् । "गुम्बामा चन्दा सङ्कलनका लागि बाकस राखिएको छ । गुफा र गुम्बा दर्शन गर्ने र विदेशी पर्यटकले स्वेच्छिक चन्दा दान गर्दछन्", स्थानीय गुरुङले भन्नुभयो, "चन्दा बाकसमा जम्मा भएको रकम गुम्बाको संरक्षण र हिउँ पर्दा गुफाको छतमाथिको हिउँ पन्छाउन खर्च गरिन्छ ।"

उहाँका अनुसार गुफाभित्रको मिन्दी ल्हवङ गुम्बाको ओढारभित्र वर्षौं पुराना कलात्मक पेन्टिङहरू अवस्थित छन् । यसरी गुफाको भूगोलसँग मिल्दो माटोको रङ्गले गुफाको माथिल्लो तलाको भित्ता र सिलिङमा पेन्टिङ गरिएको उहाँले जानकारी दिनुभयो । "गुफाको दोस्रो तलामाथिको एउटा कुनामा बुद्धका मूर्तिहरू छन् । यहाँ गुम्बा परिक्रममा गर्ने ठाउँ छ । गुफाभित्रको गुम्बालाई केही विदेश संस्थाका अनुसन्धानकर्ताले पनि अध्ययन पनि गरिसकेका छन्", स्थानीय गुरुङले भन्नुभयो । गुम्बा संरक्षणका लागि विदेशीले प्राविधिक तथा आर्थिक सहयोग गरी गुम्बा मर्मतसम्भार कार्यमा सहयोग पुऱ्याएको स्थानीय उहाँले बताउनुभयो । वर्षौं पुरानो गुम्बा र यहाँका मूर्तिहरू जीर्ण बन्दै जान थालेकाले यसको संरक्षण र मर्मतसम्भार गर्न सरोकार भएका निकायले पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । छुसाङको भिरालो पाखोमा अवस्थित गुम्बा, गुफाभित्रको पहिलो तला र दोस्रो तलामा उज्यालोका लागि झ्याल जस्ता केही प्वालहरू बनाइएको छन् । गुफाको भुईंतलामा माथि उक्लिन दुई वटा काठका भऱ्याङ राखिएको छ । भऱ्याङ चढेर गुफाको माथिल्लो तलामा पुग्न सकिन्छ । व्यक्तिगत रूपमा छ परिवारको स्वामित्वमा रहेकाले यस गुफा र गुम्बाको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्न सके स्थानीयको आयआर्जन वृद्धि हुने स्थानीय गुरुङले बताउनुभयो । "यो हाम्रो गुफाभित्रको गुम्बा कुलदेवता जस्तै हो, पूर्खाहरूले पूजाआजा गर्ने थलो हो", उहाँले गुरुङले भन्नुभयो, "त्यसैले हामीले यसलाई सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्नुपर्छ । गुफा र गुम्बा पर्यटक लोभ्याउने खालको भएकाले पर्यटन प्रवर्द्धन गर्नु जरुरी छ ।" हालसम्म गुफा र गुम्बालाई प्रचारप्रसार नगरेकाले मुस्ताङका अधिकांश यहाँका गुम्बाबारे अनभिज्ञ रहेका स्थानीय गुरुङले भनाइ छ । कागबेनी-कोरला सडक नजिकै रहेको छुसाङस्थित अनौठो गुफाभित्रको मिन्दी ल्हवाङ गुम्बा ऐतिहासिक धरोहर र पर्यटकीय सम्भावना बोकेको क्षेत्र भएकाले पर्यटकलाई आकर्षित गर्ने गन्तव्य बन्नसक्ने स्थानीय गुरुङले बताउनुभयो ।

गुफासम्म जान मुख्य सडकबाट पैदल हिडेर पाँच मिनेटमा सहजै पुग्न सकिन्छ । गुफा र गुम्वाको आवश्यक प्रचारप्रसार हुन सकेमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नुका स्थानीयको आयआर्जन वृद्धि हुने स्थानीय बताउँछन् । यसको संरक्षण र प्रवर्द्धनमा स्थानीय तह र अन्य सरोकार भएका निकायले पहल गर्नुपर्नेमा स्थानीयले जोड दिएका हुन् ।

| क्र.सं. | शाखा कार्यालय | सदस्य कोड नम्बर | ऋणीहरूको नाम | बुबाको नाम | श्रीमानको नाम | ससुराको नाम | ऋणीको स्थायी ठेगाना | ऋणीको नागरिकता नम्बर | ऋण खाता नम्बर | ऋण शीर्षक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६६ | माडी, चितवन | ०७५.००२.०३.४ | निरमाया महतो | इन्द्र देव महतो | नवलकिसोर महतो | हरि नारायण महतो | माडी न पा ३ बघौडा | ३५१०३५/६९९ | 075.002.03.4GL.3 | कृषि |
| १६७ | माडी, चितवन | ०७५.००२.०१.१ | हस्ती कुमारी महतो | भानुभक्त महतो | हरिनारायण महतो | आसाराम महतो | माडी न पा ३ बघौडा | २३७०/०३५ | 075.002.01.1GL.3 | कृषि |
| १६८ | माडी, चितवन | ०७५.००२.०३. | सन्चो महतो | राजकुमार महतो | हेमराज महतो | ढकुल महतो | माडी न पा ३ बघौडा | ३५१०३५/११२५ | 075.002.03.5GL.3 | कृषि |
| १६९ | माडी, चितवन | ०७५.००२.०२.६ | सउनी महतो | बुधन महतो | ओमप्रकासमहतो | टीका महतो | माडी न पा ३ बघौडा | ३५३०३५/३९२ | 075.002.02.6GL.3 | कृषि |
| १७० | माडी, चितवन | ०७५.०२४.०१.१ | ठगनी कुमारी थरुनी | बालदेव महतो | बासुदेव महतो | सावन महतो | माडी न.प.३ सिमरा | ४७९/०४४/४५ | 075.024.01.1GL.2 | कृषि |
| १७१ | माडी, चितवन | ०७५.०२४.०२.२ | देवी कुमारी महतो | बिक्रम महतो | चन्द्रिका महतो | सनिश्चर महतो | माडी न.प.३ सिमरा | ३५२००८/३३३८ | 075.024.02.2GL.3 | कृषि |
| १७२ | माडी, चितवन | ०७५.०२४.०२.३ | कबिता महतो | बासुदेव महतो | जगनारायण महतो | हरामी महतो | माडी न.प.३ सिमरा | ३५२००८/२३४९ | 075.024.02.3.GL.4 | कृषि |
| १७३ | माडी, चितवन | ०७५.०२४.०१.३ | छनिया कुमारी महतो | जियान महतो | गेहेन्द्र महतो | मगर महतो | माडी न.प.३ सिमरा | ३५३०३५/७४४ | 075.024.01.3GL.4 | कृषि |
| १७४ | माडी, चितवन | ०७५.०२४.०२.४ | सबिता महतो | बासुदेव महतो | अक्षय कुमार महतो | पशुपति महतो | माडी न.प.३ सिमरा | ३५२००८/३४०८ | 075.024.02.4GL.3 | कृषि |
| १७५ | माडी, चितवन | ०७५.०२४.०३. | अनिसा महतो | गेहेन्द्रमहतो | सुरज महतो | दीपेन्द्र महतो | माडी न.प.३ सिमरा | ३५२००८/३९२५ | 075.024.03.2GL.3 | कृषि |
| १७६ | माडी, चितवन | ०७५.०४६.०१.३ | सरिता कुमारी महतो | सिताराम महतो | संजय महतो | रोम प्रसाद महतो | माडी न.प.३ सिमरा | ३५२००८/३५२९ | 075.046.01.3GL3 | कृषि तथा ब्यापार |
| १७७ | माडी, चितवन | ०७५.०४९.०२.३ | बिष्णु परियार | टिके दमै | खगेश्वर दमाई | गंगा बहादुर दमाई | माडी न पा २ सितलपुर | ३५३०३०/४२० | 075.049.02.3GL.3 | कृषि |
| १७८ | माडी, चितवन | ०७५.०४९.०१.२ | शान्तिकुमारी दर्जी | कृष्ण दर्जी | कमलराज दमाई | गंगा बहादुर दमाई | माडी न पा २ सितलपुर | ६७ | 075.049.01.2GL.4 | कृषि |
| १७९ | माडी, चितवन | ०७५.०५९.०१.२ | होमनाथ दुलाल | भिम प्रसाद दुलाल | | | माडी न पा २ बसन्तपुर | ३३३८ | 075.059.01.2GL.1 | कृषि |
| १८० | माडी, चितवन | ०७५.०२१.०३. | सबिता महतो | महाराज महतो | रामचन्द्र महतो | बन्धु महतो | माडी न पा १ बरुवा | ३५३०३०/५९२ | 075.021.03.5GL.5 | कृषि |
| १८१ | माडी, चितवन | ०७५.०२१.०१.५ | दिल कुमारी महतो | सोमन महतो | जयकृष्ण महतो | बन्धु महतो | माडी न पा १ बरुवा | ३५३०३०/८२७ | 075.021.01.5GL.4 | कृषि तथा होटल |
| १८२ | माडी, चितवन | ०७५.०४१.०२.३ | डिना कुमारी महतो | राजेश कुमार महतो | सन्दिप कुमार महतो | राम प्रसाद महतो | माडी न पा १ बरुवा | ३५१०३०/१९ | 075.041.02.3PL.2 | कृषि |
| १८३ | माडी, चितवन | ०७५.००६.०२.१ | कविता बिश्वोकर्मा | होम बहादुर बि.क. | बुद्दिबहादुर बि.क. | बालकृष्ण बि.क. | माडी न पा ६ रामराजापुर | ३५/१०९१ | 075.006.02.1PL.2 | कृषि |
| १८४ | माडी, चितवन | ०७५.०१६.०२.४ | सन्तमाया लामा | मिन बहादुरलामा | पहल मान तामाङ्ग | करवाला तामाङ्ग | माडी न पा ६ रामराजापुर | ३५१०३५/१५० | 075.016.02.4PL.1 | किराना पसल |
| १८५ | माडी, चितवन | ०७५.०२१.०३.१ | पुजा महतो | शिबराम महतो | राजेश महतो | जयकृष्ण महतो | माडी न पा ३ बघौडा | ३५/४२१ | 075.021.03.1GL.2 | कृषि |
| १८६ | माडी, चितवन | ०७५.०२१.०१.५ | निलम कुमारी थरुनी | देब नारायण महतो | सुकराम महतो | मारला महतो | माडी न पा १ बरुवा | २४४६ | 075.021.01.5GL.4 | कृषि |
| १८७ | माडी, चितवन | ०७५.०४७.०३.१ | पुनम परियार | इन्द्र बहादुर दमै | सुबास परियार | जिते दमाई | माडी न पा २ सितलपुर | ३५-०१-७२-१०२६५ | 075.047.03.1GL.2 | कृषि तथा पसल |

# भीरकोटको आँधीखोला किनारमा फल्यो तरबुजा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ५ बैशाख



स्याङ्जाको भीरकोट नगरपालिकास्थित आँधीखोला किनार क्षेत्रको बगरमा परीक्षणका रूपमा लगाइएको तरबुजाले फल दिन थालेको छ। व्यावसायिक तरबुजा खेतीको सम्भाबना अध्ययन गर्न नगरपालिकाले बगरक्षेत्रमा परीक्षणका लागि तरबुजा खेती सुरु गरेको थियो ।

नगरपालिकाले कृषि क्षेत्रको विविधीकरण र आयआर्जन वृद्धि गर्ने उद्देश्यले नयाँ प्रयास अघि बढाएको जनाएको छ । हेफर परियोजना (प्रोजेक्ट) सँगको सहकार्यमा सञ्चालनमा आएको भीरकोट कृषि तथा पशु विकास परियोजनामार्फत तरबुजा खेतीको सम्भाव्यता अध्ययन सुरु गरिएको हो । अध्ययन सफल भएसँगै व्यावसायिक उत्पादनमा विस्तार गर्ने लक्ष्य राखिएको छ।

आँधीखोला किनार क्षेत्रको हावापानी र माटो तरबुजा खेतीका लागि उपयुक्त देखिएको नगरपालिकाले जनाएको छ। पहिलो चरणमा किसानलाई बीउ, बेर्ना, आवश्यक उपकरण तथा प्राविधिक सहयोग उपलब्ध गराइएको थियो। नतिजा सकारात्मक देखिएपछि ठूलो परिमाणमा तरबुजाको व्यावसायिक उत्पादनका लागि नगरपालिकाले आन्तरिक तयारी थालेको जनाएको छ।

भीरकोट नगरपालिका-१ वयरघारीस्थित आँधीखोला नदी किनारको खेलमैदान परिसर, वडा नं.-४ को छाङ्छाङ्दी फाँट, वडा नं.-५ को पकान क्षेत्र तथा वडा नं.-६ को एकुवार फाँट गरी करिब २० रोपनी क्षेत्रफलमा पहिलो पटक तरबुजा रोपिएको भीरकोट नगर प्रमुख गोविन्द कुमार कर्माचार्यले बताए । अभियानमा १८ जना किसान प्रत्यक्ष संलग्न छन् । नदी किनारको बगर क्षेत्रलाई उत्पादनमूलक बनाउने उद्देश्यले कार्यक्रम अघि सारिएको प्रमुख कर्माचार्यले जानकारी दिए।

